(ख) देशको जल तथा शक्ति (उर्जा) को सम्पूर्ण आवश्यकता (तत्कालीन र भविष्यको समेत) को अध्ययन गर्ने गराउने।

(ग) जल तथा शक्ति (उर्जा) को स्रोतको संरक्षण, विकास तथा विभिन्न लाभदायक उपयोगको कार्यक्रम तयार गर्ने गराउने।

(घ) जल तथा शक्ति (उर्जा) सम्बन्धी दीर्घकालीन वा अल्पकालीन योजना वा परियोजनाहरूको तयारी तथा समन्वय गराउने।

(ङ) जलस्रोत र शक्ति (उर्जा) सम्बन्धी राष्ट्रिय कानून तयार गराउने।

(च) जल तथा शक्ति (उर्जा) स्रोत सम्बन्धमा अनुसन्धान र अध्ययन गराउने।

यस विषयमा श्री ५ को सरकारबाट गराउनु पर्ने आवश्यक कारवाही जल तथा विद्युत मन्त्रालयले गर्नेछ।

खण्ड २३ मिति २०३०।६।१६। संख्या ३७ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित श्री ५ को सरकारको मिति २०३०।७।१४ को निर्णय अनुसार गठन भएको यस मन्त्रालयको सूचना खारेज गरिएको छ।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

---

## भूलसुधार

यस समितिबाट पञ्चायतको विभिन्न तहमा उम्मेदवार हुनको लागि योग्यता निर्धारण गरी मिति ०३२।१२।२ को नेपाल राजपत्रको अतिरिक्ताङ्क ५६ को भाग ४ मा प्रकाशित सूचनाको पृष्ठ १२ को २ दफाको शीर्षकमा "नगर पञ्चायत जिल्ला" शब्दपछि रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "सभा" भन्ने शब्द राखी भूलसुधार गरिएको छ।

गाउँफर्क राष्ट्रिय अभियान
केन्द्रीय समिति

---


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
६५८